# मेलम्ची नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

पत्र संख्या : २०७६/७७ मिति : २०७६/१०/२९
चलानी नं. शि. ११३

**विषय : सूचना टाँस गरिदिने सम्बन्धमा ।**

श्री वडा कार्यालयहरू सबै
मेलम्ची नगरपालिका, सिन्धुपाल्चोक ।
श्री विद्यालयहरू सबै
मेलम्ची नगरपालिका, सिन्धुपाल्चोक ।

प्रस्तुत विषयमा तपसिल बमोजिमको सूचना तहाँ कार्यालय/विद्यालयमा टाँस गरिदिनुहुन अनुरोध छ ।

**तपसिल :**

**सूचना ! सूचना !! सूचना !!!**

मेलम्ची नगरपालिकाको अनाथ तथा जोखिमयुक्त बालबालिकाको लागि सामाजिक सुरक्षा कार्यक्रम संचालन ऐन, २०७५ बमोजिम लाभग्राहीहरुलाई अनुदान रकम वितरण गर्नुपर्ने भएकोले तपसिल बमोजिमका बालबालिकाहरुले देहायका कागजातहरु संलग्न राखी फाल्गुण १५ गते भित्र सम्बन्धित वडा कार्यालयमा अनुसूचि-२ बमोजिमको ढाँचामा निवेदन पेश गर्नुहुन अनुरोध छ ।

**तपसिल :**

१) आमा बाबु दुबैको मृत्यु भई अन्य व्यक्तिको संरक्षणमा बसेका बालबालिकाहरु,
२) आमा बाबु दुबैको मृत्यु भई आफै घरमुली भएका बालबालिकाहरु,
३) आमा बाबु दुबैको मृत्यु भई आफन्तको रेखदेखमा रहेका बालबालिकाहरु,
४) आमा बाबु दुबै मानसिक रोगी, बेपत्ता, पूर्ण अपाङ्गता भई उनीहरुबाट उचित संरक्षण पाउन नसकेका बालबालिका,
५) आमा वा बाबु कुनै एकको मृत्यु, बेपत्ता, दोस्रो विवाह गरी टाढा बसेको, बौद्धिक वा इन्द्रीय सम्बन्धी दिर्घकालिक अशक्तता भएका, बाबुको पहिचान नभएको वा पूर्ण अपाङ्गता भई एकल अभिभावकसँग बसिरहेका बालबालिका,
६) आफ्नो सम्पत्ति नभएको, स्याहार सुसार गर्ने परिवारको सदस्य वा संरक्षक नभएको बालबालिका,
७) कानुनी विवादमा परेका बालबालिका,
८) बेचबिखन, हिंसा वा जवरजस्ती करणीमा परेका बालबालिका ।

**निवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु :**

१) बालबालिकाको जन्म दर्ता प्रमाणपत्रको प्रतिलिपि,
२) अभिभावक हुनेहरुले अभिभावकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
३) बाबु आमाको मृत्यु भएको अवस्थामा मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपि,
४) अभिभावक पूर्ण अपाङ्गता भएमा अपाङ्गता कार्डको प्रतिलिपि,
५) बाबुआमा बेपत्ता भएको, मानसिक रोगी भएको सन्दर्भमा प्रमाण खुल्ने कागजात,
६) माथि उल्लेखित भएका परिचय नखुल्ने अन्य बालबालिकाको हकमा सम्बन्धित वडाको सिफारिस ।

२०७६/१०/२९
सुधिनराज बुढाथोकी
शाखा अधिकृत (सातौं तह)
**सुधिनराज बुढाथोकी**
**अधिकृत सातौं**

फोन नं :०११-४०११४१, ०११-४०११४२ वेवसाईड : www.melamchimun.gov.np ई-मेल dms.melamchimun@gmail.com
"मेलम्ची नगर सम्बृद्धिको आधार - कृषि, उद्योग, पर्यटन र जलाधार "